सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग, पुल्चोक ललितपुर

प्रेस विज्ञप्ति

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग
पुल्चोक, ललितपुर
२०६८

अभियोग पत्र दायर गरिएको

प्रकाशित मितिः २०७९/५/१६

सिभिल सेभिङ एन्ड क्रेडिट को-अपरेटिभ लिमिटेडका अध्यक्ष इच्छाराज तामाङ समेतले आफ्नै समुहका विभिन्न कम्पनीहरुलाई विना धितो कर्जा प्रवाह गरी सर्वसाधारण सदस्यहरुको रकम अपचलन एवं हिनामिना गरी त्यस्तो रकम आफ्ना विभिन्न व्यावसायिक कम्पनीहरुमा लगानी गरी सम्पत्ति शुद्धीकरणको कसुर गरेको भन्ने समेतका व्यहोराको यस विभागमा विभिन्न मितिमा दर्ता हुन आएका उजुरीहरु उपर सम्पत्ति शुद्धीकरणको कसुरमा प्रारम्भिक जाँचबुझ तथा अनुसन्धान हुँदा प्रतिवादीहरू ईच्छाराज तामाङ्ग र केशवलाल श्रेष्ठ समेतले सहकारी संस्थाको नियम, विधि र प्रकृया मिचेर एउटै समूहका कम्पनीहरुलाई सुरक्षण बापत धितो नलिई, एउटै समुहलाई ५०% ऋण दिइएको दिई सर्वसाधारण निक्षेपकर्ताहरुलाई मासिक, त्रैमासिक, बार्षिक रुपमा आकर्षक ब्याज दरमा १२%, १४%, १५% र १७% ब्याज भुक्तानी गर्ने, निक्षेप गरे बापत सुनका सिक्का उपहार दिने विश्वास र प्रलोभन देखाई निर्धारित समयमा साँवा र ब्याज नदिई ठगी गरेको अभियोगमा यी प्रतिवादीहरु उपर मुलुकी ऐन, ठगीको १ नं. ले परिभाषित र निषेधित तथा मुलुकी अपराध संहिता, २०७४ को दफा २४९ को उपदफा (१) ले निषेधित उपदफा (२) मा वर्णित ठगीको कसूर तथा संगठित अपराध निवारण ऐन, २०७० को दफा ३ को उपदफा (३) को खण्ड (क) बमोजिम गम्भीर कसूर गरेको र सोही ऐनको दफा ५ बमोजिम आपराधिक समूह स्थापना गरेको भनी विगो रु.५,६७,५५,२४,३९७।८२ को विगो कायम गरी काठमाडौं जिल्ला अदालतमा पेश भएको देखिँदा प्रतिवादीहरुले सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ) निवारण ऐन, २०६४ को दफा २ को खण्ड (श) अनुसारको अनुसूची २(झ) मा उल्लेखित सम्बद्ध कसूरमा मुद्दा अभियोजन भएको पाइयो ।

प्रतिवादीहरु इच्छाराज तामाङ र केशवलाल श्रेष्ठ समेतले सो कसुरबाट आर्जित सम्पत्तिको गैरकानूनी स्रोत लुकाउने, छल्ने, हस्तान्तरण र रुपान्तरण समेतका निषेधित कार्यहरु गरी सम्पत्ति शुद्धीकरणको कसुर अपराध गर्ने इच्छित मनसायले आफ्ना परिवारका मानिसहरु वीच अंशबण्डा समेत गरी गराई आफु एवं परिवारका मानिसहरु संलग्न रहेका सिभिल होम्स प्रा.लि. लगायतका विभिन्न व्यावसायिक कम्पनीहरु मार्फत घरजग्गाको कारोवार सम्बन्धी व्यवसायमा सो गैरकानूनी स्रोतको रकम लगानी गरी त्यस्ता व्यावसायिक कार्यहरुबाट थप सम्पत्ति आर्जन गरी अन्य प्रतिवादीहरु सृजना शाक्य (तामाङ), प्रतिष्ठा तामाङ, प्रतिक्षा तामाङ र मिना कुमारी श्रेष्ठ समेतका नाउँबाट कारोवार गर्ने एवं सम्पत्तिहरु लुकाई छिपाई राखी सम्पत्ति शुद्धीकरणको कसुर गरेको तथ्य पुष्टी हुन आयो ।

प्रतिवादीहरुको उपरोक्त बमोजिमका कार्यहरुबाट तत्काल प्रचलित सम्पत्ति शुद्धीकरण (मनि लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ४ को देहाय खण्ड (ग) अन्तर्गतको ठगी र (छ), दफा २८ समेत, ऐ. (पहिलो संसोधन, २०६८) को दफा ४ को देहाय खण्ड (च), दफा २८ समेत, र प्रचलित सम्पत्ति शुद्धीकरण (मनि लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को अनुसुचीमा व्यवस्थित खण्ड (झ), (द), (भ) समेतको कसूर अपराध गरी प्राप्त गरेको र दफा २८ को उपदफा (१) बमोजिम श्रोत खुल्न नसकेको सम्पत्तिको गैर-कानुनी स्रोतको रुपान्तरण, परिवर्तन हस्तान्तरण लगायतका निषेधित कार्य एवं गतिविधी एवं तत्काल प्रचलित सम्पत्ति शुद्धीकरण (मनि लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ३, ऐ.(पहिलो संसोधन २०६८) को दफा ३ र प्रचलित सम्पत्ति शुद्धीकरण (मनि लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ३ को उपदफा (१) को देहाय खण्ड (क), (ख) (ग) ले निषेधित कार्य गरी गराई सम्पत्ति शुद्धीकरणको कसुर अपराध गरेको तथ्य सप्रमाण स्थापित हुन आएकाले निम्न बमोझिमका प्रतिवादीहरुलाई निम्न बमोजिमको सजाय मागदावी लिई सम्पत्ति शुद्धीकरणको कसुरमा आज मिति २०७९/५/१६ गते विशेष अदालत काठमाडौं समक्ष अभियोग पत्र दायर गरिएको छ ।

निम्न

सि.नं.	प्रतिवादीको नाम	दावी गरिएको वीगो	जफत दावीको विवरण	सम्बद्ध कानून
१	इच्छाराज तमाङ (संविधान सभा सदस्य, सिभल बैंक अध्यक्ष एवं सिभल सहकारीका तत्कालीन अध्यक्ष एवं सल्लाहकार समेत)	३,३१,८५,९२,९४२।४१	१ कित्ता जग्गा सहित विभिन्न ६९ कम्पनीहरुमा रहेको विभिन्न कित्ता शेयरसमेत ।	तत्काल प्रचलित सम्पत्ति शुद्धीकरण (मनि लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ३० को उपदफा (१) को देहाय खण्ड (क), ऐ. (पहिलो संशोधन २०६८) को दफा ३० को उपदफा (२) र प्रचलित सम्पत्ति शुद्धीकरण (मनि लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ३० उपदफा (१) बमोजिम जरिवाना र कसूरको मात्रा अनुसार कैद सजाय हुनका साथै यी प्रतिवादी इच्छाराज तामाङ्गका हकमा उपरोक्त बमोजिम हुने सजायमा तत्काल प्रचलित सम्पत्ति शुद्धीकरण (मनि लाउण्डरिङ्ग) निवारण

				ऐन, २०६४ को दफा ३० को उपदफा (१) को देहाय खण्ड (ख), ऐ. (पहिलो संशोधन २०६८) दफा ३० को उपदफा (४) र प्रचलित सम्पत्ति शुद्धीकरण (मनि लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ३० को उपदफा (७)
२	सृजना शाक्य (तामाङ)	१,०३,५४,४३,४८७।१०	सवारी साधन-१ विभिन्न कित्ता जग्गा र विभिन्न स्थानको कसुरबाट प्राप्त जग्गा समेत ।	तत्काल प्रचलित सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ३० को उपदफा (१) को देहाय खण्ड (क), ऐ. (पहिलो संशोधन २०६८) को दफा ३० को उपदफा (२) र प्रचलित सम्पत्ति शुद्धीकरण (मनि लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ३० उपदफा (१) बमोजिम जरिवाना र कसूरको मात्रा अनुसार कैद सजाय हुनका साथै निजको नाममा रहे भएको शुद्धीकरण गरिएको सम्पत्ति तत्काल सम्पत्ति शुद्धीकरण (मनि लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ३४ को उपदफा (१), ऐ. ऐनको पहिलो सशोधन २०६८ को दफा ३४ को उपदफा (१) र प्रचलित सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ३४ को उपदफा (१) र दफा २८ को उपदफा

				(२)
३	प्रतिक्षा तामाङ	६,२२,३३,०९७।०२	घरजग्गा, विभिन्न कम्पनीको शेयर समेत ।	ऐ.
४	प्रतिष्ठा तामाङ	१,८९,१८,६४६।५४	घरजग्गा, विभिन्न कम्पनीको शेयर समेत ।	ऐ.
५	केशवलाल श्रेष्ठ	२६,६१,४५,५३०।३३	बैङ्क मौज्दात, सवारी साधन र विभिन्न कम्पनीहरुमा रहेको शेयर समेत ।	ऐ।
६	मिना कुमारी श्रेष्ठ	-	काठमाडौंका विभिन्न स्थानमा रहेको ७ कित्ता जग्गा समेत ।	तत्काल प्रचलित सम्पत्ति शुद्धीकरण (मनि लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ३४ को उपदफा (१), ऐ.(पहिलो संसोधन २०६८) को दफा ३४ को उपदफा (१) र प्रचलित सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ३४ को उपदफा (१) र दफा २८ को उपदफा (२)

सूचना अधिकारी